# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ढल्केवर, धनुषा
### प्रदेश नं. २, नेपाल

पत्र संख्या - २०७७/७८
चलानी नं. - १९११

मिति - २०७८/०३/२९

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू,
मिथिला नगरपालिका, धनुषा ।

**विषय :- निर्देशन सम्बन्धमा ।**

प्रस्तुत विषयमा हाल विश्वभरि बढ्दै गएको कोरोनाको दोश्रो लहरलाई दृष्टिगत गरी तथा स्वास्थ्य मन्त्रालय लगायत सम्बद्ध संस्थाहरूद्वारा तेश्रो लहरको चेतावनी र अति संक्रामक डेल्टा प्लस भाइरसको संक्रमण व्याप्त रहेको अवस्थामा र जिल्ला विपद व्यवस्थापन समिति धनुषाको निर्णयमा समेत विद्यालयहरूको हकमा प्रत्यक्ष सिकाइ क्रियाकलाप सञ्चालन नगर्नु/नगराउनु भनी आदेश कायमै रहेको बावजुद पनि केहि विद्यालयहरूले विभिन्न बहानामा विद्यार्थीहरूलाई विद्यालयमा बोलाई प्रत्यक्ष सिकाइ सुरू गरेको भनी व्यापक जनगुनासो प्राप्त भई हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । त्यस्ता आदेश विपरीत कार्य गरि रहेका विद्यालयहरूलाई तुरून्त प्रत्यक्ष सिकाइ बन्द गरी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी गरिएको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण पुस्तिका २०७७ अनुरूप सिकाइलाई निरन्तरता दिनु हुन अनुरोध छ । अन्यथा नेपालको प्रचलित ऐन, नियमानुसार सम्बन्धित निकायमा कार्वाहीको लागि सिफारिस गरिने व्यहोरा पनि यसै पत्र मार्फत अवगत गराइन्छ ।

रचिन्द्र डंगोल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
१. श्री जिल्ला प्रशासन कार्यालय, धनुषा ।
२. श्री शिक्षा विकास तथा समन्वय इकाइ, धनुषा ।
३. श्री नगर प्रमुख तथा उप-प्रमुखको कार्यकक्ष, मिथिला नगरपालिका ।
४. श्री ईलाका प्रहरी कार्यालय, ढल्केवर - आवश्यक निगरानी तथा सहयोग गरि दिनु हुन ।
५. श्री सबै वडा कार्यालयहरू, मिथिला नगरपालिका ।
६. श्री सूचना प्रविधि शाखा - वेवसाइट तथा फेसबुक पेजमा अपलोड गर्नु हुन ।

Scanned by CamScanner